# निर्धन उत्थान बैंक लिमिटेडको

१९ औं वार्षिक साधारण सभाको
काम कारवाहीको विवरण
(माईन्युट)

१. **वैधानिक सभा:**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको उन्नाइसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापाको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय:**

मिति: २०७४ पौष २९ गते, शनिबार (१३ जनवरी, २०१८)

स्थान: बैंकको केन्द्रीय कार्यालयसँगै दक्षिणतर्फ रहेको Celebration Banquet पार्टी प्यालेस भगवतीबहाल, नक्साल, काठमाडौंको सभास्थलमा ।

समय: बिहान १०:०० बजे सुरू भई अपरान्ह १२:२५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचना:**

कम्पनी ऐन २०६३ को दफा ६७ तथा बैंकको नियमावलीको नियम ४(३) बमोजिम बैंकको उन्नाइसौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक बर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरू समेत शेयरधनीहरूको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७४।०९।०५ गते बुधवारको "अभियान राष्ट्रिय दैनिक" पत्रिकामा र मिति २०७४।०९।०९ गते आईतबारको "अभियान राष्ट्रिय दैनिक" पत्रिकामा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति:**

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित संचालकहरू:

| | | |
|---|---|---|
| ४.१.१ | श्री गणेश बहादुर थापा | अध्यक्ष |
| ४.१.२ | श्री टोप बहादुर रायमाझी | संचालक |
| ४.१.३ | श्री राजेश गौतम | संचालक |
| ४.१.४ | श्री राजेन्द्र बहादुर मल्ल | संचालक |
| ४.१.५ | श्री तारा देव जोशी | संचालक |
| ४.१.६ | श्री राम भक्त थापा | संचालक |

४.२ संस्थागत प्रतिनिधिको उपस्थिती:

| | |
|---|---|
| ४.२.१. श्री अन्जु पन्त, प्रतिनिधि | प्रतिनिधि, निर्धन संस्था |
| ४.२.२. श्री आत्म राम गौतम, प्रतिनिधि | हिमालयन बैंक लिमिटेड |
| ४.२.३. श्री राजेन्द्र बहादुर मल्ल | प्रतिनिधि, नबिल बैंक लिमिटेड |
| ४.२.४. श्री राजेश गौतम | प्रतिनिधि, एभरेष्ट बैंक लिमिटेड |

४.३ अन्य आमन्त्रित महानुभावहरूको उपस्थिति:

| | |
|---|---|
| ४.३.१ श्री गीता कुमारी होमगाई | रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ४.३.२ श्री डा. फत्त बहादुर के.सी | पूर्व संचालक |
| ४.३.३ श्री अच्युत राज जोशी | पूर्व संचालक |
| ४.३.४ श्री देवेन्द्र बहादुर राउत | पुर्व सहायक महाप्रवन्धक |
| ४.३.५ श्री राम पौडेल | पत्रकार: एन.टि.भि. प्लस |
| ४.३.६ श्री जयकृष्ण जोशी | पत्रकार: टि.भि. टुडे |
| ४.३.७ श्री ईन्द्र बोहरा | पत्रकार: टि.भि. टुडे |
| ४.३.८ श्री रोयल आचार्य | पत्रकार: आर्थिक न्यूज |
| ४.३.९ श्री सुमन आचार्य | पत्रकार: आर्थिक न्यूज |

४.४ शेयरधनीहरूको उपस्थिति:

जम्मा उपस्थित संख्या: २२२ जना

४.५ कर्मचारीहरूको उपस्थिति:

सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्त, नायब महाप्रवन्धक श्री भोजराज बश्याल, सहायक महाप्रवन्धक श्री राज नारायण दास, कम्पनी सचिव एवम् मुख्य व्यवस्थापक श्री राम बहादुर चौधरी लगायत अन्य व्यवस्थापकिय, सहायक तथा सहयोगी स्तरका गरी कूल ४७ जना कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

५. गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुसार):

| विवरण | कित्ता | उपस्थिति | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| | | स्वयम् तथा प्रतिनिधि मार्फत | कुल | |
| शेयरधनी संख्या (भौतिक र अभौतिक ) | ५,६२९ | २२२ | २२२ | |
| ग्रहण गरेको कित्ता | ६०,००,००,००० | ४१,९३,७९१ | ४१,९३,७९१ | ६९.९० % |

६. सभाको वैधानिकता र अध्यक्षता :

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम बैंकको १९ औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २२२ जना भएको र कुल शेयरको ६९.९० प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै बिहान १०:०० बजे अध्यक्ष श्री गणेश बहादुर थापाको अध्यक्षतामा बैंकको वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवले अध्यक्षलाई अनुरोध गर्नु भयो ।

६.३ बैंकका कम्पनी सचिव श्री राम बहादुर चौधरीले उपस्थित सबै शेयरधनी तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिबादन गर्नुभयो ।

६.४ अध्यक्षले सबै संचालकहरूको परिचय गराउनु भई सभाको कार्य अगाडी बढाउनुभयो ।

७. छलफलको विषय:

क. सामान्य प्रस्ताव:

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७३।७४ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

(३) संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको मिति २०७४ आषाढ मसान्तको चुक्ता पूंजी रू. ६०,००,००,०००।- (साठी करोड) को १४।०४ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रू. ८,४२,१०,५२६।- नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिश माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

(४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

ख. विशेष प्रस्ताव:

(१) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ ले व्यवस्था गरे बमोजिम बैंकको नाम परिवर्तन गर्ने र सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

(२) बैंकको पूँजी संरचना परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत कायम गर्ने : बैंकको हाल कायम संस्थापक शेयरधनीहरू मध्ये विदेशी शेयरधनीले धारण गरेको संस्थापक शेयर बाहेक बाँकी संस्थापक शेयरलाई समानूपातिक रूपमा सर्वसाधारण शेयरमा रूपान्तरण गरी बैंकको शेयर स्वामित्व संस्थापक शेयरधनीहरूमा ७० प्रतिशतबाट ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीहरूको ३० प्रतिशतबाट ४९ प्रतिशत शेयर स्वामित्व कायम गर्ने ।

(३) बैंकको अधिकृत पूँजी रू. १०० करोडबाट वृद्धि गरी रू. २०० करोड पुऱ्याउने ।

(४) संचालक समितिबाट सिफारिस तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृति भए बमोजिम आ.व. २०७३।७४ को मुनाफाबाट हाल कायम बैंकको चुक्ता पूँजीको ६६.६७ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रू. ४०,००,००,०००।- (अक्षरूपी चालिस करोड) बराबरको बोनश शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

(५) बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(६) बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने । (नाम परिवर्तन, अधिकृत, जारी र चुक्ता पूँजी वृद्धि गर्ने, संस्थापक समूहको शेयर स्वामित्वमा परिवर्तन गर्ने, संचालकहरूको सुविधामा वृद्धि गर्ने)

(७) बैंकको प्रवन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि सचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

ग. विविध ।

८. <u>सभाको संचालन:</u>

सभाको संचालन बैंकका कम्पनी सचिव श्री राम बहादुर चौधरीले गर्नु भएको थियो ।

९. <u>आसन ग्रहण:</u>
सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरू, कम्पनी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरी पाल्नु भएका अतिथीहरू, लेखापरिक्षक, संस्थापक र सर्वसाधारण शेयरधनीहरूलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

१०. स्वागत मन्तव्य

बैंकका कम्पनी सचिव श्री राम बहादुर चौधरीले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरू, अतिथी, पत्रकार तथा कर्मचारीवर्गमा स्वागत गर्नु भइ सभाको शुरूवात गर्नुभयो ।

११. वार्षिक प्रतिवेदनको प्रस्तुति:

सभामा संचालकले बैंकका संचालक समितिका अध्यक्ष श्री गणेश बहादुर थापाज्यूलाई संचालक समितिको तर्फबाट आ.व. २०७३।७४ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नु भयो र सोही अनुसार सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा अतिथीज्यूहरूलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलका विषय सूची अनुसार आ.व. २०७३।७४ को संचालक समितिको प्रतिवेदन प्रस्तुत गर्नु भयो र शेयरधनी महानुभावहरूको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. छलफलका लागि सहभागी शेयरधनी महानुभावहरू:

छलफलका लागि प्रस्तुत विषयवस्तु उपर आफ्ना अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनी महानुभावहरूले छलफलमा भाग लिनु भयो ।

१. श्री अमृत नाथ रेग्मी
२. श्री दामोदर प्रसाद रेग्मी
३. श्री ईन्द्र कृष्ण श्रेष्ठ
४. श्री डम्मरू बल्लभ घिमिरे
५. श्री मनोहर कृष्ण श्रेष्ठ

१३. छलफलमा सहभागी हुनु भएका शेयरधनीहरूले प्रकट गर्नु भएका बिचारहरू:

छलफलको क्रममा शेयरधनी वक्ताहरूले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

शेयरधनी श्री अमृत नाथ रेग्मी:

- अध्यक्षको प्रतिवेदनमा आगामी पाँच वर्षको रणनीतिक योजना सहितको प्रस्तुती राख्दा राम्रो हुने ।
- वार्षिक प्रतिवेदनको पेज नं. १० मा अध्यक्षको नाम साथै एक जना संचालकको नाम पनि समावेश गर्नुपर्ने ।
- वार्षिक प्रतिवेदनको पेज नं. ७० मा बैंकको सट्टा लघुवित्त वित्तीय संस्था उल्लेख गर्ने कुरा उल्लेख गरिएको छ, अध्यक्षको प्रतिवेदनमा समेत सो कुरा उल्लेख गरिएको भए राम्रो हुन्थ्यो।
- प्रादेशिक संरचना अनुसार संस्थाको संरचना तयार गरि जाँदा उत्तम हुने ।
- लगानीको हिसाबले अन्य लघुवित्त भन्दा राम्रो भएकोले सो लाई कायम राख्नुपर्ने ।
- क्षेत्रीय कार्यालय तथा शाखाहरूको नाम उल्लेख गर्दा क्रमवद्ध रूपमा, जिल्लागत रूपमा प्रस्तुत गर्दा राम्रो हुने ।

- Cost Of Fund लाई कसरी घटाउन सकिन्छ रणनीति तय गर्दा राम्रो हुने।
- Staff Expenses को Ratio वढि देखिएकोले घटाउनुपर्ने ।
- Research & Devlopment का काम गर्नुपर्ने ।
- One of the Best EPS हासिल गरेकोमा धन्यवाद ।

**शेयरधनी श्री दामोदर प्रसाद रेग्मी:**

- बैंकको चुक्ता पुंजी १ अरव पुऱ्याएकोमा धन्यवाद ।
- कुशल व्यक्तिले नेतृत्व गरेको संस्थाले राम्रो नतिजा दिदो रहेछ भन्ने प्रमाणित भयो ।
- गत वर्षको नतिजा अत्यन्त राम्रो भएकोले CEO को मासिक तलब वृद्धि गर्दा राम्रो हुने ।
- शेयरधनीहरूलाई ढुक्क भएर बस्न र लगानी गर्न अनुरोध गर्नुभयो ।

**शेयरधनी श्री ईन्द्र कृष्ण श्रेष्ठ:**

- यस बैंकका शेयरधनीहरू नेपालमै ख्याती प्राप्त बैंकहरू रहेको र व्यवसायिक व्यक्तिहरू संचालक रहेकाले यस बैंकले ग्रामीण दुर दराजमा शाखा स्थापना गरी शाखा संख्या १७८ पुऱ्याई कार्य गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री डमरु बल्लभ घिमिरे:**

- १९ औं वार्षिक साधारण सभाले हामी लगानी कर्तालाई इतिहासमै अधिक प्रतिफल दिएकोमा संचालक समितिलाई धन्यवाद ।
- ६० करोड भन्दा बढि चुक्ता पूंजी भएका कम्पनी मध्ये सबै भन्दा राम्रो प्रतिफल दिन सफल भएकोमा धन्यवाद ।
- अध्यक्षलाई प्रतिवेदन प्रस्तुत गर्न लामो समय लाग्यो, अत: सारांशमा प्रतिवेदन भए राम्रो हुन्थ्यो ।
- लघुवित्तका पिता स्व. डा. हरिहरदेव पन्तको फोटो वार्षिक प्रतिवेदनमा राखेको राम्रो छ । साथै साधारण सभाको फोटो पनि प्रतिवेदनमा राख्दा राम्रो हुन्थ्यो ।
- पौषको जाडोमा साधारण सभा नराखि आश्विन कार्तिकमा गर्दा राम्रो हुने थियो ।

**शेयरधनी श्री मनोहर कृष्ण श्रेष्ठ:**

- साधारण सभामा बोल्ने सेयरधनीहरूलाई वित्तीय विवरणहरूमाथी बोल्न अनुरोध गर्नुभयो ।
- बैंकको कूल आम्दानी मध्ये ९१ प्रतिशत ब्याज आम्दानी रहेको राम्रो मानिने हुनाले आगामी दिनमा पनि कायम गर्नुपर्ने ।
- Cost Structure लाई पुर्नविचार गर्नुपर्ने ।
- Loan Deposit Ratio लाई Re-think गर्नुपर्ने ।
- Share dividend भन्दा Cash Dividend मा जोड दिनुपर्ने ।

१४. **सभामा शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफ :**

अध्यक्षज्यूको अनुमति लिई बैंकका प्रमुख कार्यकारी अधिकृत श्री जनार्दन देव पन्तले शेयरधनी महानुभावहरूको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति धन्यवाद दिदै उठेका जिज्ञासाहरू प्रष्ट

पार्नु भएको थियो र साथै शेयरधनी महानुभावहरूको राय, सल्लाह र सुझावमा आत्मसात गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

१५. <u>सभाको निर्णय:</u>

(क) <u>सामान्य प्रस्ताव सम्बन्धी निर्णय:</u>

प्रस्ताव नं. १. संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

निर्णय: सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्युबाट अनुमोदनका लागि प्रस्तुत आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७३।७४ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गर्ने ।

निर्णय: लेखापरीक्षकको प्रतिवेदन सहितको २०७४ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७३।७४ को नाफा नोक्सान हिसाव, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरू (अनुसूचीहरू समेत) छलफल गरी पारित गरियोस भनी सभा समक्ष राखिएको प्रस्ताव सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.३. संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको मिति २०७४ आषाढ मसान्तको चुक्ता पूंजी रू. ६०,००,००,०००। (साठी करोड) को १४।०४ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रू. ८,४२,१०,५२६। नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न गरेको सिफारिस माथि छलफल गरी उक्त प्रस्ताव पारित गर्ने ।

निर्णय: संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको मिति २०७४ आषाढ मसान्तको चुक्ता पूंजी रू.६०,००,००,०००। (साठी करोड) को १४.०४ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रु. ८,४२,१०,५२६।- नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न गरेको सिफारिस माथि छलफल गरी पारित गरीयोस भनि राखेको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

प्रस्ताव नं.४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक बर्ष २०७४/७५ को लेखापरिक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण

समितिबाट शिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

निर्णयः बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बैंकको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरिक्षण समितिबाट शिफारिस भए बमोजिम लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्न गरेको सिफारिस माथि छलफल गरियोस् भनि राखेको प्रस्तावमा बैंकको चालु आर्थिक वर्ष २०७४।७५ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री आर पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, विराटनगरले प्रचलित बैंक वित्तीय संस्था सम्बन्धी कानुन र कम्पनी कानुन बमोजिम लेखापरीक्षण गर्न योग्य भएकोले श्री आर पराजुली एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, बिराटनगरलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म अडिट, दफा ७८ प्रमाणित गर्ने तथा अंग्रेजी अनुवाद समेत गर्ने पारिश्रमिक भ्याट सहित रु. ५,००,०००। (अक्षरुपी पांच लाख मात्र) कायम गर्ने गरी लेखापरीक्षक नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस गरे बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

(ख) <u>विशेष प्रस्ताव सम्बन्धी निर्णयः</u>

प्रस्ताव नं.१: बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले व्यवस्था गरे बमोजिम बैंकको नाम परिवर्तन गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

निर्णयः संचालक समितिले प्रस्ताव गरे बमोजिम यस निर्धन उत्थान बैंक लिमिटेडको नाम संशोधन गरि "निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड" अंग्रेजीमा "Nirdhan Utthan Microfinance Financial Institution Limited" गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.२: बैंकको पूँजी संरचना परिवर्तन गरी संस्थापक समुहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत कायम गर्ने : बैंकको हाल कायम संस्थापक शेयरधनीहरू मध्ये विदेशी शेयरधनीले धारण गरेको संस्थापक शेयर बाहेक बांकी संस्थापक शेयरलाई समानुपातिक रूपमा सर्वसाधारण शेयरमा रूपान्तरण गरी बैंकको शेयर स्वामित्व संस्थापक शेयरधनीहरूमा ७० प्रतिशतबाट ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीहरूको ३० प्रतिशतबाट ४९ प्रतिशत शेयर स्वामित्व कायम गर्ने ।

निर्णयः बैंकको पूँजी संरचना परिवर्तन गरी संस्थापक समुहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत कायम गर्ने : बैंकको ५१ प्रतिशत भन्दा बढीको संस्थापक

शेयरलाई सर्वसाधारण शेयरमा परिणत गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएकोले संचालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हाल कायम संस्थापक शेयरधनीहरू मध्ये विदेशी शेयरधनीले धारण गरेको संस्थापक शेयर बाहेक बाँकी संस्थापक शेयरलाई समानुपातिक रूपमा सर्वसाधारण शेयरमा रूपान्तरण गरी बैंकको शेयर स्वामित्व संस्थापक शेयरधनीहरूमा ७० प्रतिशतबाट ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीहरूको ३० प्रतिशतबाट ४९ प्रतिशत शेयर स्वामित्व कायम गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.३: बैंकको अधिकृत पूंजी रू. १०० करोडबाट वृद्धि गरी रू. २०० करोड पुऱ्याउने ।

निर्णय: बैंकको अधिकृत पूंजी रू. १०० करोडबाट वृद्धि गरी रू. २०० करोड पुऱ्याउनको लागी संचालक समितिले विशेष प्रस्ताव पेश गरेकोमा सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.४: संचालक समितिबाट सिफारिस तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृती भए बमोजिम आ.व. २०७३।७४ को मुनाफाबाट हाल कायम बैंकको चुक्ता पूंजीको ६६.६७ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रू. ४०,००,००,०००। ( अक्षरूपी चालिस करोड) बराबरको बोनश शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने ।

निर्णय: संचालक समितिबाट सिफारिस तथा नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृती भए बमोजिम आ.व. २०७३।७४ को मुनाफाबाट हाल कायम बैंकको चुक्ता पूंजीको ६६.६७ (निकट दुई दशमलवमा) प्रतिशतले हुन आउने रू. ४०,००,००,०००। ( अक्षरूपी चालिस करोड) बराबरको बोनश शेयर शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने समयमा कायम शेयरधनीहरूले पाउने गरी जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.५: बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि: प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

निर्णय: संचालक समितिले सिफारिस गरे बमोजिम बैंकको जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने, प्रस्तावित बोनस शेयर जारी भएपश्चात पूंजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

प्रस्ताव नं.६: बैंकको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने । (नाम परिवर्तन, अधिकृत, जारी र चुक्ता पूँजी वृद्धि गर्ने, संस्थापक समूहको शेयर स्वामित्वमा परिवर्तन गर्ने, संचालकहरूको सुविधामा वृद्धि गर्ने)

निर्णय: साधारण सभामा प्रस्तुत भए अनुसारको तल तिन महलेमा उल्लेख भए बमोजिम प्रबन्धपत्रको दफा १, ४ र ५,(क),(ख),(ग),(घ), र (ङ) तथा नियमावलीको नियम १ र ३१ (१),(क) र (ग) मा संशोधन गर्ने सम्वन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतवाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

क. प्रबन्धपत्र संशोधन प्रस्ताव

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| १. दफा १. कम्पनीको नाम: यस कम्पनीको नाम "निर्धन उत्थान बैंक लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Nirdhan Utthan Bank Limited" भनिनेछ । जसलाई यसपछि कम्पनी भनिएको छ । | १. दफा १. कम्पनीको नाम: यस कम्पनीको नाम "निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Nirdhan Utthan Microfinance Financial Institution Limited" भनिनेछ । जसलाई यसपछि कम्पनी भनिएको छ । | "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" मा भएको व्यवस्था बमोजिम संशोधन गरिएको । |
| २. दफा ४. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: कम्पनीले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) बमोजिम घ वर्गको इजाजतप्राप्त संस्थाको रुपमा रही सो अध्यादेश, कम्पनी सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ:- | २. दफा ४. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: कम्पनीले दफा ३ बमोजिमको उद्देश्य हासिल गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतप्राप्त संस्थाको रुपमा रही सो अध्यादेश, कम्पनी सम्बन्धी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ:- | संशोधित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संशोधन गरिएको । |

<table>
<tr>
<td>३. <u>दफा ५. कम्पनीको पूँजीको संरचनाः</u><br><br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः</td>
<td>३. <u>दफा ५. कम्पनीको पूँजीको संरचनाः</u><br><br>कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः</td>
<td></td>
</tr>
<tr>
<td>(क) कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (रु एक अरव मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका एक करोड थान साधारण शेयरमा बिभाजित गरिएकोछ ।</td>
<td>(क) कम्पनीको अधिकृत पूँजी रु. २,००,००,००,०००/- (अक्षरेपी दुई अरव रुपैया मात्र) हुनेछ । उक्त पूँजीलाई रु. १००/- का दरले दुई करोड थान साधारण शेयरमा विभाजित गरिएकोछ ।</td>
<td>चुक्ता पूँजी वृद्धिसंगै अधिकृत पूँजी पनि वृद्धि गर्नुपर्ने भएकोले संशोधन गरिएको ।</td>
</tr>
<tr>
<td>(ख) कम्पनीको जारी पूँजी रु. ६०,००,००,०००/- (रु. साठी करोड मात्र) हुनेछ ।<br><br>(ग) कम्पनीको हालको चुक्त पूँजी रु. ६०,००,००,०००। (रु. साठी करोड मात्र ) रहेको छ ।</td>
<td>(ख) कम्पनीको तत्काल जारी पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैया मात्र) हुनेछ ।<br><br>(ग) कम्पनीको हालको चुक्त पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब रुपैया मात्र ) रहेको छ ।</td>
<td>बैंकको बोनस शेयर जारि गरे पश्चात पूँजी वृद्धि भएकोले संशोधन गरिएको ।</td>
</tr>
<tr>
<td>(घ) संस्थापक शेयरवालाहरुलाई समुह "क" मा बर्गिकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व निम्नानुसार ७० (सत्तरी) प्रतिशत हुनेछ ।
<table>
<tr><th>संस्थापकको नाम</th><th>स्वामित्व ( प्रतिशतमा)</th></tr>
<tr><td>निर्धन संस्था</td><td>१०.९६ (दश दशमलव नौ छ)</td></tr>
<tr><td>ग्रामीण ट्रष्ट, बंगलादेश</td><td>३.५७ (तीन दशमलव पांच सात)</td></tr>
<tr><td>नबिल बैंक लि.<br>हिमालयन बैंक लि.<br>एभरेष्ट बैंक लि.</td><td>३६.२९ ( छत्तिस दशमलव दुई नौ)</td></tr>
<tr><td>निजी क्षेत्रका व्यक्तिहरु</td><td>११.५४ ( एघार दशमलव पांच चार)</td></tr>
<tr><td>ईन्टरनेशनल फाईनान्स कर्पोरेशन</td><td>७.५४ (सात दशमलव पांच चार)</td></tr>
</table></td>
<td>(घ) संस्थापक शेयरवालाहरुलाई समुह "क" मा बर्गिकरण गरिएको छ । यो समुहको शेयर स्वामित्व निम्नानुसार ५१ (एकाउन्न) प्रतिशत हुनेछ ।
<table>
<tr><th>संस्थापकको नाम</th><th>स्वामित्व ( प्रतिशतमा)</th></tr>
<tr><td>निर्धन संस्था</td><td>७.४४ (सात दशमलव चार चार)</td></tr>
<tr><td>ग्रामीण ट्रष्ट, बंगलादेश</td><td>३.५७ (तीन दशमलव पांच सात)</td></tr>
<tr><td>नबिल बैंक लि.<br>हिमालयन बैंक लि.<br>एभरेष्ट बैंक लि.</td><td>२४.६२ (चौबिस दशमलव छ दुई)</td></tr>
<tr><td>निजी क्षेत्रका व्यक्तिहरु</td><td>७.८३ (सात दशमलव आठ तीन)</td></tr>
<tr><td>ईन्टरनेशनल फाईनान्स कर्पोरेशन</td><td>७.५४ (सात दशमलव पांच चार)</td></tr>
</table></td>
<td>हाल कायम संस्थापक शेयरधनीहरु मध्ये विदेशी शेयरधनीले धारण गरेको संस्थापक शेयर बाहेक बाँकी संस्थापक शेयरलाई समानुपातिक रुपमा सर्वसाधारण शेयरमा रुपान्तरण गरी बैंकको शेयर स्वामित्व संस्थापक शेयरधनीहरुमा ७० प्रतिशतबाट ५१ प्रतिशतमा र सर्वसाधारण शेयरधनीहरुको ३० प्रतिशतबाट ४९ प्रतिशतमा शेयर स्वामित्व कायम गर्न संशोधन गरिएको ।</td>
</tr>
</table>

| | | |
|---|---|---|
| (ङ) सर्वसाधारणमा बिक्रि गरिने शेयरका शेयरधनीहरुलाई समूह "ख" मा बर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व कम्तीमा ३० (तिस) प्रतिशत हुनेछ । यस समूहको शेयरमध्ये बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीलाई छुटयाई संचालक समितिको निर्णय बमोजिम बिक्रि गरिनेछ । | (ङ) सर्वसाधारणमा बिक्रि गरिने शेयरका शेयरधनीहरुलाई समूह "ख" मा बर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व कम्तीमा ४९ (उनपचास) प्रतिशत हुनेछ । यस समूहको शेयरमध्ये बढीमा ५ प्रतिशतसम्म शेयर कम्पनीका कर्मचारीलाई छुटयाई संचालक समितिको निर्णय बमोजिम बिक्रि गरिनेछ । | |

## ख. नियमावली संशोधन प्रस्ताव

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| १. नियम १. कम्पनीको नाम:<br><br>यस कम्पनीको नाम "निर्धन उत्थान बैंक लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Nirdhan Utthan Bank Limited" भनिनेछ । जसलाई यसपछि कम्पनी भनिएछ । | १. नियम १. कम्पनीको नाम:<br><br>यस कम्पनीको नाम "निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Nirdhan Utthan Microfinance Financial Institution Limited" भनिनेछ । जसलाई यसपछि कम्पनी भनिएको छ । | बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम संशोधन गरिएको । |
| २. नियम ३१. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:<br><br>(१) संचालकले पाउने पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुबिधा देहाय बमोजिम हुनेछ:<br><br>(क) संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु. ४,५००।०० तथा अन्य संचालकहरुले पाउने बैठक भत्ता रु. ४,०००।०० हुनेछ ।<br><br>(ग) संचालकहरुलाई संचार खर्च बापत मासिक रु.१,०००। का दरले उपलब्ध गराइनेछ । | २. नियम ३१. संचालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:<br><br>(१) संचालकले पाउने पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा देहाय बमोजिम हुनेछ:<br><br>(क) संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु. ६,०००।- तथा अन्य संचालकहरुले पाउने बैठक भत्ता रु. ५,५००।- हुनेछ ।<br><br>(ग) संचालकहरुलाई संचार खर्च बापत मासिक रु.१,५००।- का दरले उपलब्ध गराइनेछ । | समय अनुकुल वृद्धि गर्न आवश्यक देखिएको । |

प्रस्तावनं.७: बैंकको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने ।

निर्णयः बैंकको प्रबन्धपत्र र नियमावली संशोधन गर्ने प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी दिने विशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

(ग) विविधः

निर्णयः १. संचालक समितिमा सर्वसाधारणको तर्फबाट प्रतिनिधित्व गर्नु भएका संचालक श्री अच्युत राज जोशीले मिति २०७४ मार्ग १० गते दिनु भएको राजिनामाको फलस्वरूप रिक्त हुन आएको संचालक पदमा शेयरधनी श्री तारादेव जोशीलाई मिति २०७४ मार्ग ११ देखि लागू हुने गरि श्री अच्युत राज जोशीको बाँकी अवधिको लागि संचालक नियुक्त गरिएकोले अनुमोदन गर्न पेश भएको बिशेष प्रस्ताव सभाले सर्वसम्मतिबाट अनुमोदन गऱ्यो ।

निर्णयः २. वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५(१) मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराइयो ।

१६. धन्यवाद तथा सभा विसर्जनः

अन्तमा, उन्नाइसौं वार्षिक साधारण सभा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको सहयोग, सद्भाव र शेयरधनी महानुभावज्यूहरूको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितीको लागि हार्दिक धन्यवाद दिदै सभापतिज्यूले दिउसो १२:२५ बजे साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(राम बहादुर चौधरी)
कम्पनी सचिव

(गणेश बहादुर थापा)
अध्यक्ष